# त्रियोग उच्च माध्यमिक विद्यालय

## मा.शि. तयारी प्रश्न

विषय : नेपाली पू. ७५

कक्षा : दश (१०) समय : २ घण्टा १५ मि. उ. ३०

***शुद्धता, स्पष्टता, मौलिकता उत्तर लेखनको विशेषता ।***

१) समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : (२)

| ***समूह 'क'*** | ***समूह 'ख'*** |
|---|---|
| जाबो | चिसोपना |
| जर्जर | कम महत्वको |
| आद्रता | दिग्दारी |
| विषाद | चिराचिरा परेको |
| | असन्तोष |
| | अमृत |

२) कोष्ठकबाट मिल्ने शब्द छानी तलका खाली ठाउँ भर्नुहोस् : (२)

क) 'उष्ण' को विपरीतार्थएक शब्द .............. हो । (तातो, तृष्ण, शीत)

ख) 'व्योम' को अर्थ .............. होइन । (सगर, नगर, नभ)

ग) 'डर-दर' .............. शब्द हुन् । (अनेकार्थक, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक)

घ) .............. अनेकार्थी शब्द हो । (कैँडा, बाँस, हाँस)

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (२)

अवमूल्यन, लगनपछिको पोते

४. क) तलका शब्दमध्ये शुद्ध चिनेर लेख्नुहोस् : (१)

| | | | |
|---|---|---|---|
| अ) शारिरीक | शारीरिक | शारीरीक | शारिरिक |
| आ) सशक्त | शसक्त | शषक्त | षशक्त |

ख) तल दिइएको वाक्यलाई शुद्ध गरी सार्नुहोस् : (२)

विभिषणले उत्तेजित भएर भने, "अहँ म यो राज्यको सासन गर्नयोग्य छैन ।

५. रेखाङ्कित शब्दहरुको शब्दवर्ग छुट्याउनुहोस् : (३)

<u>छ्या</u> ! तिमी त <u>साना</u> कुरामा रिसाउँदा <u>रहेछौ</u> । सबै <u>मिलेर</u> काम गरे <u>पो</u> हाम्रा <u>समस्याहरु</u> समाधान हुन्छन् ।

६. क) तलको अनुच्छेदबाट उपसर्ग लागेर बनेका दुई ओटा र प्रत्यय लागेर बनेका दुई ओटा शब्द पहिचान गरी लेख्नुहोस् : (२)

स्रष्टाको सृष्टि निर्माणका लागि हो, विनाशका लागि होइन । विज्ञानको आविष्कारले मानवजातिलाई भौतिक सम्पन्नताको चुलीमा पुर्‍याएको छ ।

ख) तलका शब्दको समास वा विग्रह गर्नुहोस : (१)

भान्दाइ, तीन नदीको सङ्गम

७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पूरा गर्नुहोस् : (२)

क) तिमीहरु मन्दिर ............. । (जा, आज्ञार्थ)

ख) आज घाम ............. । (लाग्, पूर्ण वर्तमान)

ग) उनीहरुले पितामाताको आज्ञा पालन ............. । (गर, इच्छार्थक)

घ) बालक कोकामा ............. । (सुत्, सम्भावना)

८. कोष्ठकमा दिइएको निर्देशन अनुसार तलका वाक्य परिवर्तन गर्नुहोस् : (४)

क) भरियाले भारी बोकेछ । (कर्मवाच्य)

ख) सीता फूल रोप्थी । (प्रेरणार्थक)

ग) पानी पर्‍यो । किसानले बाली लगाए । (वाक्य संश्लेषण)

घ) तिमी प्रथम हुन्छौ । (लिङ्ग)

९. अभ्यस्त भूतकालको प्रयोग गरी तीन वाक्यमा आफूले गरेका राम्रा कामको वर्णन गर्नुहोस् ।(३)

१०. दिइएको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (५)

<u>आमाले</u> भनिन्, "बाले एकचोटि भएभरको रुपियाँ हार्नुभएको थियो, आमासँग झगडा गरेर कानको सुनसमेत झिकेर लैजानुभयो । त्यो गहना पनि हार्नुभयो । अनि घरमा रुन्चे मुख लगाएर आउनुभयो । मैले सम्झाएँ, अब मुख अँध्यारो पारेर रोएर के गर्नु ? हार्ने हारिसक्यौ । मैले <u>लक्ष्मीपूजालाई</u> सरजाम किन्न भनेर लुकाइराखेको दुई रुपियाँ बालाई दिएँ । त्यो रुपियाँ लिएर तिमीलाई कुममा राखेर लैजानुभयो । पूजा सरजाम नकिनी जुवा खेल्नुभएर फेरि सुन फिर्ता ल्याउनुभयो । उल्टै पचास रुपियाँ जित्नुभयो । बाले दङ्ग हुँदै, खुसीले उफ्रदै यो लाल साह्रै छुकी रहेछ । यो पछि धनी हुन्छ भन्नुभयो ।"

**प्रश्नहरु:**

क) अनुच्छेदमा रेखाङ्कित शब्दहरुको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेदको 'गहना' शब्दको पर्यायवाची शब्द लेखी त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

ग) 'त्यो गहना पनि हार्नुभयो अनि घरमा रुञ्चे मुख लगाएर आउनुभयो ।' यस वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।

घ) आमाले माललाई के कुरा सम्झाइन् ?

ङ) 'लाल पछि धनी हुन्छ' कुन आधारमा भनिएको हो ?

११. तलको अनुच्छेद राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (५)

राष्ट्रियतालाई मजबुत पार्ने धेरै-धेरै तत्वहरु छन् र तीमध्येको एक अमोध अस्त्र साहित्य पनि हो । माटोरुपी भूखण्डप्रति मुटुरुपी जनताको आस्था र भक्ति नहोउन्ज्याल राष्ट्रियता सशक्त बन्दैन । अतः देशप्रति जनताको आस्था जागरुक गराउने सशक्त साहित्यको खाँचो युगीन आवश्यकताका रुपमा त्यतिबेला मुलुकमा देखापरेको थियो । लोक भाषाका रुपमा थन्किएको र

पाखे भनिएको नेपाली भाषालाई काखमा राखेर काव्य-भाषाको आवरण ओढाउँदै साहित्य शिखरतर्फ लम्काउने भानुभक्त आचार्यले नेपाली मुटुमा साहित्यप्रति चाख जगाउँदै गए र त्यही साहित्यका माध्यमबाट राष्ट्रिय एवम् जातीय एकताको शङ्खनाद पनि गरे । यसरी नेपाली साहित्यका माध्यमबाट राष्ट्रिय एकता सुदृढ पार्न महानतम् योगदान दिएका कारण नेपाली साहित्यको क्षेत्रका एक राष्ट्रिय विभूतिका रुपमा भानुभक्त आचार्य सिङ्गो नेपाली राष्ट्रिय क्षितिज भर दीप्तिमान भएका छन् ।

**प्रश्नहरुः**

क) राष्ट्रियता सशक्त पार्न के गर्नुपर्छ ?

ख) भानुभक्तले नेपाली भाषालाई चिनाउन अघि नेपाली भाषाको अवस्था कस्तो थियो ?

ग) नेपाली साहित्यले के कार्य गरेको छ ?

घ) भानुभक्तलाई के कारणले राष्ट्रिय विभूतिको दर्जा दिइएको हो ?

ङ) नेपाली साहित्यलाई अमोघ अस्त्र किन भनिएको हो ?

१२. तलको अनुच्छेदबाट चार ओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् : २+३=५

थाङका भन्नाले कपडा वा कागजमाथि लेखिएको चित्र भन्ने बुझिन्छ । पौभा भन्नाले पवित्र चित्र भन्ने बुझिन्छ । थाङ्कामा विशेषत बौद्ध धर्मका देवी देवताको चित्र बनाइन्छ । यसमा पञ्चबुद्ध, बज्रसत्व, अवलोकितेश्वर मैत्रेयी, मञ्जुश्री, वज्रपाणि तारा आदि पर्छन् । शाक्य मुनि बुद्धको जीवनी (जन्मदेखि परिनिर्वाणसम्म) र मण्डलाका थाङ्काहरु लोकप्रिय छन् । त्यसो त थाङ्का प्रविधिबाट कृष्ण, लीला, भैरव आदिका साथै नदी, रुख, लहरा पहाड अनेक जीवजन्तुका चित्र पनि बनाइएको पाइन्छ । थाङ्का बुद्ध दर्शन सिक्ने र सिकाउने महत्वपूर्ण पाठ्यसामग्री हो । यसलाई ध्यान सिक्ने र सिकाउने साधनका रुपमा पनि लिइन्छ । बौद्ध समुदायमा थाङ्कालाई घरमा राख्दा मनकामना पूरा हुने, भूतप्रेत, रोग अनिष्ट आदिले वास नगर्ने र शान्ति कायम हुने जस्ता विश्वास गरिन्छ । पहिले पहिले थाङ्का धार्मिक आस्थाका साथसाथै ज्ञान र ध्यानको स्रोतका रुपमा लिइन्थ्यो । अहिले यसलाई महत्वपूर्ण व्यवसायका रुपमा समेत लिइन्छ ।

१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)

क) तलका बुँदाहरुका आधारमा एउटा कथा तयार पारी शीर्षक पनि दिनुहोस् :

एकादेशमा एक्लो बालक ........... साथी खोज्न हिँडेको ........... चराको बचेरालाई भेटी साथी हुन बोलाएको ........... मलाई तिमीले पिँजडामा थुन्छौ, काटेर खान्छौ त्यसैले म तिम्रो साथी बन्दिनँ भनी चराको बचेराले भनेको ........... बालकले हरिण खरायो, फ्याउरो, बाघ, घोडा आदि सबै जनावरका बच्चाहरुलाई साथी हुन बोलाएको ........... कसैले तिमी हाम्रो छाला काढेर ज्याकेट जुत्ता आदि सिउँछौ भनेको ........... कसैले तिमी हामीलाई पिटेर नाच्न तथा अरु गाह्रो काम गर्न लगाउँछौ भनेको ........... कसैले हामीलाई नोकर जस्तो बनाउँछौ वा चिडियाघरमा थुन्छौ भनेको ........... कसैले उसको कुरा नमानेको ........... कोही पनि साथी बन्न नमानेपछि बालक निराश ........... मानिसले सबैको हक र अधिकार बुझ्नुपर्ने अन्यथा मानिस संसारमा एक्लो हुने सन्देश ।

ख) माध्यमिक शिक्षा (एस.ई.ई) परीक्षाको अघिल्लो रात मनमा उर्लेका उकुसमुकुसलाई समेटी एउटा मनोवाद लेख्नुहोस् ।

१४. कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् : (४)

क) मेरो विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान छन् ।

ख) पृथ्वी तल नै स्वर्ग जनतानै जनार्दन,
उपकार सदा पूजा फल हो दुःख मोचन ।

१५. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : (२×४=८)

क) तलका कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मन्त्रीको दौडाहा हुने आठ दिन मात्रै बाँकी थियो । बाबुसाहेबले लखनउ गएर कोट ड्राइक्लिनिङ गराउने र गर्धनमा धस्केको ठाउँमा रफु भर्न लगाउने निश्चय गरे । खर्चको मोटामोटी हिसाब लगाउँदा यत्तिकैमा चालीस पचास रुपैयाँ जाने भयो । घरका दुईचार जना नोकर, सुसारे र मन परेकी केटीहरुले सुझाव दिए, बरु अरु चालीस पचास रुपियाँ थपेर एउटा नयाँ कोट नै हाले झन् बेस । बाबु साहेबले भने, "सय रुपियाँ हाल्दैमा नयाँ कोट ! यस कोटको दाँजोमा पुग्ने कुरा के गरी सम्झेका बडा जान्ने । त्यस्ता त्यस्ता दश ओटा नयाँ कोट भएर पनि यसको अगाडि उभिरहन सक्ने होइनन् । खालि हिफाजतसाथ राख्न नसकेर पो त । पख, मैले जान्या छ, लखनऊबाट फर्केपछि हेर्लाऊ ।"

**प्रश्नहरु**

अ) बाबु साहेबले कोट धुने योजना कसरी गरे ?

आ) बाबु साहेब कस्तो चरित्र भएका व्यक्ति हुन् ?

ख) तलको कवितांश पढी अन्तमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मलाई झुर सडक, खत्तम र रद्दी सडक भन्नेहरु,
आफूलाई गुलाफी फूल, सम्झिएर सुरक्षित घुमफिर गर्नेहरु
जसलाई सोध्ने हो उहीसँग सोध, सडक किन यस्तो भयो ?
मलाई मात्र सरापेर भएन,
म लाञ्छित, थकित र शब्दहीन सडक बोल्दै छु ।

**प्रश्नहरु**

अ) यात्रुहरुले सडकलाई के भनेर सराप्दा रहेछन् ?

आ) वास्तवमा सडक कस्तो अवस्थामा रहेछ र यात्रुहरु आफूलाई कस्ता ठान्दा रहेछन् ?

ग) तलको निबन्धांश पढी अन्तमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सबैलाई थाहै छ, भुँडी स्वयम् परमेश्वरी भएकाले प्रत्येक प्राणीमा उनको अंश नभएको हुँदैन । अर्को शब्दमा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो । ऊसित सानो होस वा ठूलो होस् एउटा भुँडी हुन्छ । त्यसैले मान्छे उखान गर्छन्, जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ । नभन्दै गोसाइँथान जाने यात्रु हुन् या अन्तरिक्षका यात्रु हुन् सबैले सबैभन्दा पहिले भुँडीको जोहो गर्नैपर्छ । कोही राष्ट्रसङ्घीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् । मुख्यतः सबैलाई भुँडी पूजाले नै प्रेरित गरिरहेको हुन्छ । गधाझैं लादिन परोस वा गाई झैं दुहिन परोस् कुकुर झैं दैलोदैलो ढुक्नुपरोस् वा लाटोकोसेरोझैं रातभरि जाग्राम बस्नुपरोस्, येनकेन प्रकारेण भुँडी पूजा गर्न सकिएन भने घरबार सब पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ, कि डाँडो काट्नुपर्छ ।

**प्रश्नहरु**

अ) भुँडीलाई परमेश्वरी भन्नुको कारण के हो ?

आ) भुँडी पूजाका लागि क-कसले, कुन-कुन ठाउँमा कसरी जोतिनु परेको हुन्छ ?

१६. तपाईं 'प्रत्यागमन' कथाकी शोभाका ठाउँमा भएको भए घर छाडेर जाने देवर बिरामी भई बोलाउन पठाउँदा के गर्नुहुन्थ्यो ? तर्क दिएर लेख्नुहोस् । (४)

१७. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : (८)

क) 'हाम्रो संस्कृति' निबन्धको तलको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

नेपालमा मधेस, पहाड र हिमालमा अलग अलग प्रकारका संस्कृति छन् र ती सबै मिलेर नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । मधेसमा मिथिला, भोजपुरा, अवध आदि संस्कृतिहरु छन् । थारुहरुको आफ्नै सांस्कृतिक पहिचान छ । पूर्वी तराईमा रहेका सतार, मेचे, दनुवार, धिमाल, राजवंशीहरुका आफ्नै मौलिकता छन् । नेपालका मुस्लिम, तामाङ, गुरुङ, मगर, राई, लिम्बूका आफ्नै साँस्कृतिक पहिचान छ । देशका सबै धर्म, जाति, भाषा आदिको योगले नेपाली संस्कृतिको साझा रुप तयार भएको हो । हो, विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो । देउडा, गौरा, लाखे, सेलो, सङ्गिनी, हाकपारे, रोदी, धाननाच, माघी आदिको समष्टि नै नेपाली संस्कृति हो । यही साझापनमा, यही अनेकतामा एकता र आपसी सहिष्णुता नै संस्कृति हो ।

**प्रश्न**

अ) संस्कृतिको परिचय दिँदै 'विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता' भन्ने भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

ख) 'वर्षा' कविताको तलको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।

आइन् वर्षा हररर चढी वायुपङ्खी विमान
पाङ्ग्रा घर्षी शिखर गरजी थर्कियो आसमान ।
झिल्के झिल्का, अचल मुख भो त्रासले नील गाढा
चुली नाघिन् प्रकृति कलिलिन्, देखिँदै दूर टाढा ॥

धूली खोला सलिल वरषी शानजस्तो अटूट
दाई प्राणी अमृत-लहरी फस्टिने छन् अछूट ।
दौरामा छन् जलधि-दुहिता, साम्य कारुण्य भाव
फैली चाँडो मुख अवनिको हुन्छ, आनन्द-लूट ।

**प्रश्न**

अ) कविले 'वर्षा' कवितामा प्रकृतिको वर्णन कुन रुपमा गरेका छन् ? विवेचना गर्नुहोस् ।

१८) तलका कुनै एक शीर्षकमा कम्तीमा २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (८)

क) वैदेशिक रोजगारीको बाध्यता

ख) मेरो संस्कृति मेरो परिचय

ग) व्यावसायिक शिक्षा आजको आवश्यकता

***समाप्त***